पाठ २०

१	**प्रार्थना**

समूहको अगुवा - प्रार्थना गर्नुहोस् र तपाईंको समूह र चेलालाहरू बनाउने यो कार्यक्रमलाई प्रभुमा सुम्पनुहोस्।

२	**सिकेको कुरा बाँड्नु** (२० मिनेट) **[शान्त समय]** **प्रेरित १८:१८-२१:४०**

तपाईंलाई तोकिएको बाइबल खण्ड (प्रेरित १८:१८-२१:४०) बाट परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा सिक्नुभएको कुराहरूमध्ये एउटा कुरा पालैपालो छोटकरी बाँड्नुहोस् (अथवा परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा लेख्नुभएको नोटबुकबाट पढ्नुहोस्)। सिकेको कुरा बाँड्ने व्यक्तिले बोलेको सुन्नुहोस्, उसको कुरालाई गम्भीररूपमा लिनुहोस् र उसलाई स्वीकार गर्नुहोस् तर उसले बाँडेको कुरामा छलफल नगर्नुहोस्।

३	**बाइबल पद कण्ठ** (२० मिनेट) **[ख्रीष्टमा नयाँ जीवन]** **सङ्गति - १ यूहन्ना १:७**

क. मनन

कण्ठ गर्नुपर्ने बाइबल पदलाई सेतोपाटी अथवा कालोपाटीमा यसरी लेख्नुहोस्:

सङ्गति १ यूहन्ना १:७
तर उहाँ ज्योतिमा हुनुभएझैँ यदि हामी पनि ज्योतिमा हिँड्छौं भने, एक-अर्कासित हाम्रो सङ्गति हुन्छ, र उहाँका पुत्र येशूको रगतले हामीलाई सबै पापबाट शुद्ध पार्छ। १ यूहन्ना १:७

यो बाइबल पदलाई तपाईंको कार्डको पछाडिपट्टि लेख्नुहोस्।

१. ज्योति भनेको के हो?

ज्योति भनेको प्रेम, धार्मिकता, पवित्रता र दयाजस्तै गरी परमेश्वरको गुण अथवा विशेषतालाई बुझाउने शब्द हो। येशू ख्रीष्टले परमेश्वरका विशेषताहरूलाई दृश्य बनाउनुभयो। येशू ख्रीष्टको अनुयायीहरूलाई ज्योतिमा हिँड्नको निम्ति बोलाइएको छ, जसको मतलब परमेश्वरको विशेषताहरूअनुसार तिनीहरूले व्यवहार गर्नुपर्छ भन्ने हो।

२. किन परमेश्वर र ख्रीष्टलाई झैँ इसाईहरूलाई पनि 'ज्योति' भनिएको हो?

परमेश्वरलाई ज्योति भनिएको छ (१ यूहन्ना १:५)
सारा भौतिक अनि आत्मिक जीवनको स्रोत परमेश्वर हुनुहुन्छ। हामीलाई थाहा भएको ब्रह्माण्डका सबै भौतिक जीवन उहाँले नै सृष्टि गर्नुभयो। ख्रीष्टको मृत्यु र पुनरुत्थानद्वारा उहाँले हामीलाई नयाँ आत्मिक जीवन दिनुभयो।

येशू ख्रीष्टलाई 'संसारको ज्योति' भनिन्छ (यूहन्ना ८:१२)
परमेश्वर को हुनुहुन्छ भनी येशू ख्रीष्टले हामीलाई प्रकट गर्नुहुन्छ, र विशेषगरी उहाँले परमेश्वरको गुणहरू अथवा विशेषताहरू हाम्रोमाझ प्रकट गर्नुहुन्छ। परमेश्वरको महिमित विशेषताहरू येशू ख्रीष्टद्वारा यो संसारमा अति तेजिलोरूपमा चम्कन्छ। येशूले अज्ञानी मानिसहरूलाई ज्ञानको घोषणा गर्नुहुन्छ; गल्ती गर्नेहरूलाई सत्यता घोषणा गर्नुहुन्छ र मूर्खहरूलाई बुद्धिको घोषणा गर्नुहुन्छ। उहाँले अशुद्ध मानिसहरूलाई पवित्रता प्रकट गर्नुहुन्छ; दुष्टहरूलाई धार्मिकता प्रकट गर्नुहुन्छ र

घृणाले भरिएकाहरूलाई प्रेम प्रकट गर्नुहुन्छ। दु:खी मानिसहरूलाई उहाँले खुसीयाली देखाउनुहुन्छ; डराएका मानिसहरूलाई उहाँले उत्साह दिनुहुन्छ र एक्लो अनि त्यागिएकाहरूलाई उहाँले परमेश्वरको उपस्थिति र नजिकता देखाउनुहुन्छ।

येशूले इसाईहरूलाई 'संसारको ज्योति' भन्नुहुन्छ (मत्ती ५:१४)
इसाईहरू आफ्नै कारणले कहिले पनि ज्योति हुँदैनन् तर विशेषगरी उनीहरूले परमेश्वरको पवित्रता, धार्मिकता र प्रेम देखाउँदै उहाँको विशेषताहरू संसारमा प्रतिबिम्बित गर्ने गर्छन् (एफिसी ५:८)।

३. 'इसाई सङ्गति'को अर्थ के हो?

इसाई सङ्गति भनेको निकटतम तथा घनिष्ठ सम्बन्ध, सहकार्य र साझेदारीपन हो
इसाई सङ्गति भनेको पिता परमेश्वरसँग, पुत्र परमेश्वरसँग र पवित्र आत्मा परमेश्वरसँग (१ यूहन्ना १:३; १ कोरिन्थी १:९; २ कोरिन्थी १३:१४) अनि संसारमा भएका अरू इसाईहरूसँग (१ यूहन्ना १:७) निकटतम तथा घनिष्ठ सम्बन्ध, सहकार्य र साझेदारी हो। ख्रीष्टसँगको इसाई सङ्गति अटुट अनि स्थायीरूपमा ख्रीष्टको शरीरसँगको सङ्गतिसँग जोडिएको हुन्छ, जुन वास्तवमा इसाई समुदाय अथवा मण्डली (चर्च) हो (१ कोरिन्थी १२:१२-१३)। इसाईहरू आफूलाई बाइबलको शिक्षाहरूद्वारा र प्रार्थनाद्वारा एक-अर्कासँग सङ्गति गर्न, खाँचो परेको बेलामा सहायता गर्न, एकसाथ बसेर खान र अरू मानिसहरूलाई असल समाचार सुनाउने कामको निम्ति समर्पित हुने गर्छन् (प्रेरित २:४२-४७)। इसाई सङ्गतिले घनिष्ठ सम्बन्धलाई मात्र समेट्दैन तर यसले एकातर्फ पाएको आशिषहरूलाई बाँडचुँड गर्ने (गलाती ६:९-१०) अनि अर्कोतर्फ आफ्नो दु:ख-कष्टहरू पनि बाँडचुँड गर्ने कुरामा सहभागी हुने गर्छ (फिलिप्पी ३:१०)। आफूहरू एक-अर्काको लागि हौँ भन्ने बलियो भावना र असल कुराहरूको लागि एकले अर्कोलाई गर्ने मद्दत तथा योगदान पनि इसाई सङ्गतिमा पर्दछ (२ कोरिन्थी ८:४)।

तपाईंले असल समाचार सुनेर विश्वास गरेपछि इसाई सङ्गति अथवा साझेदारि सुरु हुँदछ
येशू ख्रीष्ट पापको निम्ति मर्नुभयो र मानिसहरूलाई पापबाट बचाउनको निम्ति पुनरुत्थान हुनुभयो भन्ने असल समाचार सुनेर त्यसलाई विश्वास गरेपछि इसाई सङ्गति अथवा साझेदारी सुरु हुँदछ (फिलिप्पी १:५ सँग तुलना गर्नुहोस्)। इसाईहरूले गैर-इसाईहरूसँग बाँधिने किसिमको सम्बन्ध निर्माण गर्दैनन् (२ कोरिन्थी ६:१४)। इसाईहरू सधैँ ज्योतिमा हिँड्छन् किनभने योबिना सङ्गति सम्भव नै हुँदैन (१ यूहन्ना १:७)।

४. 'येशू ख्रीष्टको रगत' भनेको के हो?

येशू ख्रीष्टको रगत भनेको विशेष किसिमको शक्ति भएको चमत्कारपूर्ण वस्तु होइन। इसाई विश्वासले तन्त्र-मन्त्र, जादु-टुना र बोक्सी-विद्यालाई परित्याग गर्छ। येशू ख्रीष्टको रगतले क्रूसमा बगाइएको रगतलाई सङ्केत गर्छ। यो यस्तो साङ्केतिक वाक्यांश हो, जसले येशू ख्रीष्टको क्रूसको मृत्युलाई र साथै उहाँको मृत्युद्वारा विश्वासीहरूले पाउने आशिषहरूलाई पनि बुझाउँछ। ज्योतिमा हिँड्ने इसाईहरूले आफ्ना पापहरू स्वीकार गरी क्षमादानलाई ग्रहण गर्छन् किनभने तिनीहरूको पापको दण्ड येशू ख्रीष्टले पहिले नै भोगिसक्नुभयो।

ख. बाइबल पद कण्ठ र पुनरवलोकन

१. बाइबल पदलाई खाली कार्डमा अथवा तपाईंको नोटबुकको एउटा पानामा लेख्नुहोस्।
२. उक्त बाइबल पदलाई ठीक तरिकाले कण्ठ गर्नुहोस्। सङ्गति - १ यूहन्ना १:७
३. **पुनरवलोकन गर्नुहोस् -** दुई-दुई जनाको समूहमा विभाजन हुनुहोस् र भर्खरै कण्ठ गरेको बाइबल पद एक-अर्कामा जाँच्नुहोस्।

४	**बाइबल अध्ययन** (७० मिनेट)	**[सम्बन्धहरू]** **इसाई विवाह : एफिसी ५:२२-२३**

एफिसी ५:२२-२३ लाई सबै मिलेर अध्ययन गर्न बाइबल अध्ययनको पाँच चरणहरू भएको विधि प्रयोग गर्नुहोस्।

चरण: १ - पढ्नुहोस्। **परमेश्वरको वचन**

आउनुहोस्, हामी सबै मिलेर एफिसी ५:२२-२३ पढौँ।
हामी पालैपालो पूरै खण्डलाई एक-एक पद गरेर पढौँ।

चरण: २ - पत्ता लगाउनुहोस्। **अवलोकनहरू**

ध्यान दिनुहोस् - यो खण्डमा भएको कुन सत्यता तपाईंको निम्ति महत्वपूर्ण छ? अथवा यस खण्डमा भएको कुन सत्यताले तपाईंको समझ वा हृदयलाई स्पर्श गर्छ?
लेख्नुहोस् - यहाँ तपाईंले बुझ्नुभएको एक वा दुई सत्यताहरू पत्ता लगाउनुहोस्। ती कुराहरूका बारेमा विचार गर्नुहोस् र त्यसलाई आफ्नो नोटबुकमा लेख्नुहोस्।
बाँड्नुहोस् - (समूहका मानिसहरूले विचार गर्न र लेख्न करिब दुई मिनेट लगाएपछि, त्यसलाई पालैपालो बाँड्नुहोस्।
अब हामीले पत्ता लगाएका कुराहरू पालैपालो एक-आपसमा बाँडौँ।
(मानिसहरूले पत्ता लगाएर बाँडेका केही कुराहरू तल दिइएका छन्। हरेक सानो समूहमा मानिसहरूले बाँड्ने कुराहरू फरक-फरक हुन्छन् र ती कुराहरू सबैमा मिल्नै पर्छ भन्ने छैन भनी याद गर्नुहोस्।)

एफिसी ५:२२,२५
खोज १ : इसाई विवाह येशू ख्रीष्टको वास्तविकताको स्थिर गवाही हो
"पति हो, ख्रीष्टले मण्डलीलाई प्रेम गर्नुभएझैँ गरी आफ्ना पत्नीहरूलाई प्रेम गर ..." र "पत्नी हो प्रभुको अधिनमा बसैझैँ आ-आफ्ना पतिको अधिनमा बस।" विवाह परमेश्वरको निम्ति अति महत्वपूर्ण हुनैपर्छ किनभने उहाँले इसाई विवाहभित्रको पति र पत्नीबीचको सम्बन्धलाई ख्रीष्ट र इसाई मण्डलीको सम्बन्धसँग तुलना गर्नुहुन्छ। तसर्थ, ख्रीष्ट र मण्डली भनेको हरेक विवाहको निम्ति उदाहरणहरू हुन्। हरेक इसाई विवाह ख्रीष्ट र उहाँको इसाई मण्डलीसँगको सम्बन्धको प्रकटीकरण हो। इसाई विवाह भनेको संसारमा येशू ख्रीष्टको बारेमा स्थिर अनि दृश्य गवाही हो! त्यसैले इसाई विवाहहरूले येशू ख्रीष्टको लागि महिमा ल्याउनु पर्छ!

एफिसी ५:३१
खोज २ : इसाई विवाहले तपाईंको आमा-बुबासँगको सम्बन्धलाई परिवर्तन गरिदिन्छ
"यसकारण मानिसले आफ्ना आमा-बुबालाई छोड़ेर आफ्नी पत्नीसँग मिलिरहन्छ, र ती दुवै एउटै शरीर हुनेछन्।" विवाह हरेक समाजको निम्ति अति महत्वपूर्ण घटना हो किनभने त्यो समयमा दुई जवान व्यक्तिहरूले आफ्ना आमा-बुबालाई छोडेर नयाँ परिवार सुरु गर्दछन्! विवाह तपाईं र तपाईंको आमा-बुबाबीचको विशेष सम्बन्धलाई रोक्ने अवस्था अनि आफ्नो वैवाहिक जोडीसँग विशेष सम्बन्ध राख्ने अवस्था हो।

चरण: ३ - प्रश्न **व्याख्याहरू**

ध्यान दिनुहोस् - यस खण्डमा त्यस्तो कुन प्रश्न छ, जुन तपाईंले यस समूहमा सोध्न चाहनु हुन्छ?
एफिसी ५:२२-२३ मा भएका सबै सत्यताहरू बुझ्न कोसिस गरौँ र त्यहकाँ अझै नबुझेका कुराहरू छन् भने प्रश्न सोधौँ।
लेख्नुहोस् - आफ्नो प्रश्नलाई स्पष्ट ढाँचामा बनाउनुहोस्। अनि तपाईंको प्रश्नलाई नोटबुकमा लेख्नुहोस्।
बाँड्नुहोस् - (समूहको सदस्यहरूलाई विचार गर्न र लेख्न करिब दुई मिनेट दिएपछि, प्रत्येक व्यक्तिलाई पालैपालो उसको प्रश्नहरू सबैको सामु बाँड्न लगाउनुहोस्।)
छलफल गर्नुहोस् - (त्यसपछि, ती प्रश्नहरूमध्ये केही उपयोगी प्रश्नहरूको बारेमा समूहमा छलफल गर्दै उत्तरहरू पत्ता लगाउन कोसिस गर्नुहोस्।)
(उदाहरणको लागि, विद्यार्थीहरूले सोध्न सक्ने केही सम्भावित प्रश्नहरू र छलफलद्वारा निकालिएका टिप्पणीहरू तल दिइएको छ।)

प्रश्न १ : इसाई विवाहको निश्चित विशेषताहरू के-के हुन्?
टिप्पणी -
(१) विवाह परमेश्वरको अवधारणा र संस्था हो (एफिसी ५:३१)
सृष्टिको समयमा, परमेश्वरले मानिसलाई जीवन साथीको खाँचो छ भनी देख्नुभयो र उहाँले उसको निम्ति स्वास्नीमानिस सृष्टि गर्ने पहल गर्नुभयो (उत्पत्ति २:१८-२४)। परमेश्वरले वैवाहिक सम्बन्धलाई संस्थागत गर्न पनि पहल गर्नुभयो। उक्त पुरुष र महिला पापमा पतन हुनुभन्दा पहिले नै तिनीहरूको बीचमा विशेष विवाहको सम्बन्ध स्थापित गरी यी विशेषताहरू तोकिदिनुभयो। विवाहमा लोग्नेमानिस र स्वास्नीमानिले निश्चितरूपमा आफ्ना आमा-बुबालाई छोड्छन्। विवाहमा एउटा लोग्नेमानिस र एउटा स्वास्नीमानिस एकतामा आउँछन् र तिनीहरूका जीवनभरि एक-आपसमा टाँसिरहन्छन्। विवाह भएपछि तिनीहरूको आफ्नै वैवाहिक सम्बन्धभित्र मात्र यौन सम्बन्ध राख्ने अवसर प्राप्त हुन्छ (उत्पत्ति २:२४)।

परमेश्वरले वैवाहिक सम्बन्धलाई संस्थागत मात्र गर्नुभएन तर ती पुरुष र महिला पापमा पतन भइसकेपछि पनि उहाँले वैवाहिक संस्थालाई कायम राखिरहनुभयो। यस विषयमा प्रभु येशू ख्रीष्ट (मत्ती १९:१६) र प्रेरित पावल (एफिसी ५:३१) दुबैले विवाह भनेको परमेश्वरको संस्था हो अनि उक्त संस्थाको लागि परमेश्वरले तोक्नुभएको निश्चित नियमहरू पालना गर्नुपर्छ भनी शिक्षा दिनुभएको छ।

पुरानो करारको समयमा विवाहले परमेश्वर र उहाँका जन इस्राएलीहरूबीचको अति घनिष्ठ सम्बन्धलाई चित्रण गर्दथ्यो (यर्मिया ३ अध्याय)। नयाँ करारको समयमा विवाहले येशू ख्रीष्ट र उहाँका जनहरू अर्थात् इसाई मण्डलीबीचको अति घनिष्ठ सम्बन्धलाई चित्रण गर्दछ (एफिसी ५ अध्याय)। यद्यपि सांसारिक सँस्कृतिहरूले परमेश्वरले संस्थागत गर्नुभएको सुरुको विवाहलाई परिवर्तन गरेका भए तापनि अझै परमेश्वरले मानिसहरूलाई उहाँको सुरुको उक्त वैवाहिक संस्थामा फर्कन सबै सँस्कृतिका मानिसहरूलाई बोलाइरहनुभएको छ!

(२) विवाह केटी मागेर व्यवस्था मिलाउन अथवा आफैले छानेर पनि गर्न सकिन्छ (उत्पत्ति २४:३-४;६७; २९:१७-२०)
पश्चिमी सँस्कृतिमा हेर्ने हो भने परुषहरूले आफूले प्रेम गरेको महिलाहरूलाई विवाह गर्ने गर्छन्। पूर्वीय र मध्य-पूर्वीय सँस्कृतिहरूलाई हेर्ने हो भने आफूले विवाह गरेको महिलालाई पुरुषले प्रेम गर्न सुरु गर्छन् (यहाँ पूर्वीय र पश्चिमी सँस्कृतिबीच भिन्नता देखिन्छ)। पश्चिमी सँस्कृतिमा विवाह विस्फोटन भएको भावनाबाट सुरु हुँदछ र इच्छाशक्तिको समर्पणताले त्यसलाई पछ्याउने आशा राखिन्छ। पूर्वीय सँस्कृतिमा चाहिँ तिनीहरूले समर्पणताबाट सम्बन्धलाई सुरु गर्छन् र त्यसलाई पछि फक्रिएको भावनाहरूले पछ्याउँछ। जेजस्तो भए तापनि यदि परमेश्वर विवाहको केन्द्रमा हुनुहुन्छ भने ती दुवै खालको विवाहले राम्रोसँग काम गर्नेछ।

(३) विवाह एक व्यक्तिसँग मात्र गर्नुपर्छ (एफिसी ५:३३)
पुरानो करारको इतिहासलाई हेर्ने हो भने इस्राएलको केही महत्वपूर्ण व्यक्तिहरूका एकभन्दा बढी पत्नीहरू थिए। पुरानो करारमा भएका त्यस किसिमको बहुविवाहले डाह, भेदभाव र मूर्तिपूजाको थुप्रै समस्याहरू उत्पन्न गऱ्यो (राजा सलोमन, १ राजा ११:१-११ सँग तुलना गर्नुहोस्)।

विवाहको बारेमा पुरानो करार र नयाँ करारको शिक्षा स्पष्ट छ, कि बहुविवाह भनेको परमेश्वरको अभिप्राय, आज्ञा र संस्थाको विरुद्धको काम हो। उत्पत्ति २:२४ मा लेखिएको "मानिस आफ्नी स्वास्नीसँग मिलिरहन्छ" भन्ने परमेश्वरको योजना कहिल्यै बदलिएको छैन। मानिस आफ्ना पत्नीहरूसँग मिलिरहन्छ भनेर बहुवचनमा परमेश्वरले कहिल्यै भन्नुभएन तर आफ्नी पत्नीसँग मिलिरहन्छ भनी **एकवचनमा** भन्नुभयो!

येशूले यो आज्ञालाई मत्ती १९:५ मा दोहोऱ्याएर भन्नुभयो, "पति र पत्नी एउटै शरीर हुनेछन्।" उहाँले कहिले पनि 'एउटा पति थुप्रै पत्नीहरूसँग एक हुनेछ' भन्नुभएन! येशू ख्रीष्टले अरू सबै मानिसहरूलाई विवाह सम्बन्धको एकताबाट अलग गर्नुभयो (आमा-बुबालाई पनि) र विशेष गरी विवाह सम्बन्धको यौन-एकताबाट तिनीहरूलाई अलग गर्नुभयो।

त्यसैगरी पावलले पनि विवाहको आज्ञालाई दोहोऱ्याउनुभयो र पतिले आफ्नी पत्नीलाई प्रेम गर्नैपर्छ भनी जोड दिनुभयो (एफिसी ५:३३)। त्यहाँ 'प्रेम गर्नैपर्छ' भन्ने क्रियापदलाई अपूर्ण वर्तमान कालमा आज्ञाको ढाँचामा लेखिएको छ। यसैले त्यो आज्ञाले अपवाद भनी बहाना गर्ने कुनै ठाउँ छोडेको छैन!

परमेश्वरले बहुविवाहलाई मनाही गर्नुहुन्छ। उहाँले रखैल राख्ने प्रथालाई मनाही गर्नुहुन्छ। उहाँले व्यभिचारलाई मनाही गर्नुहुन्छ। अनि उहाँले कुनै अरू महिलासँग गरिने अनैतिक प्रेमलिलालाई पनि मनाही गर्नुहुन्छ।

(४) विवाह सम्पूर्ण जीवनभरिको लागि हो (मत्ती १९:५-६)
पुरानो करारको समयमा 'मानिसहरूका हृदयको कठोरताले गर्दा' मोशाले तिनीहरूलाई विवाहविच्छेद गर्ने अनुमति दिएका थिए। तर वास्तवमा तिनी विवाहविच्छेदप्रति सहमत थिएनन्। त्यस्तो खराब अभ्यास त्यतिबेला वरिपरिका राष्ट्रहरूमा पहिलेदेखि नै रहिआएको थियो र त्यसले इस्राएलमा प्रवेश पाएको हुनाले मोशाले त्यसलाई नियमसङ्गत मात्र बनाएका हुन्। विवाहविच्छेद परमेश्वरको सुरुको तरिका थिएन भनी येशूले स्पष्टसँग सिकाउनुहुन्छ। उहाँले यस्तो आज्ञा दिनुहुन्छ, "जसलाई परमेश्वरले एकसाथ जोड्नुभएको छ, त्यसलाई कुनै मानिसले अलग नगरोस्" (मत्ती १९:१-६)! परमेश्वरले विवाहविच्छेदलाई घृणा गर्नुहुन्छ (मलाकी २:१४-१६)।

केवल दुई अवस्थामा मात्र बाइबलले विवाहविच्छेदको अनुमति दिन्छ। पहिलो, वैवाहिक सम्बन्धमा विश्वासयोग्य नहुँदा; जस्तै: पति वा पत्नी यौन अनैतिक क्रियाकलापमा सहभागी हुनु अथवा एकले अर्कोप्रति अति नै दुर्व्यवहार गर्नु आदि। यस्ता अवस्थाहरूमा सम्बन्धविच्छेद गर्न सकिन्छ (मत्ती १९:८-९)। दोस्रोचाहिँ गैर-इसाई जोडीको विषयमा हो। पछि गएर दुई जनामध्ये एक जना इसाई हुन्छ र यदि अर्कोले अब म सँगै बस्दिनँ भन्यो भने तिनीहरूबीच सम्बन्धविच्छेद गर्न सकिन्छ (१ कोरिन्थी ७:१२-१६)। तर परमेश्वर र उहाँका जनहरूबीचको सम्बन्ध करारको सम्बन्ध भएको हुनाले, इसाई वैवाहिक सम्बन्ध जीवनभरि विश्वासयोग्य सम्बन्ध हुनुपर्छ।

(५) विवाह यो पृथ्वीको जीवनभरि अस्थायी सम्बन्ध हो (मत्ती २२:३०)
येशूको दोस्रो आगमनमा मानिसहरूको पुनरुत्थान हुँदा, तिनीहरूले न त विवाह गर्नेछन् न तिनीहरूलाई पहिलेको वैवाहिक जीवन नै दिइनेछ भनी येशूले भन्नुहुन्छ। त्यतिबेला पुनरुत्थान हुने इसाईहरू स्वर्गका दूतहरूझैँ हुनेछन् (मत्ती २२:३०)। त्यसकारण, विवाहरूपी संस्था यो वर्तमान पृथ्वीको जीवनको लागि मात्र हो। यो सम्बन्ध स्वर्गमा अथवा नयाँ पृथ्वीमा हुनेछैन्। यस पृथ्वीको विवाहको अनन्त महत्व भनेको ख्रीष्टलाई प्रतिबिम्बित र घोषणा गर्नु, इसाईहरूलाई तालिम दिनु र छोराछोरीहरू जन्माउनु नै हो।

(६) विवाह सामान्य कुरा भए तापनि हरेक व्यक्तिको निम्ति यो उत्तम होइन (मत्ती १९:१०-१२)
बाइबलले विवाहलाई इसाईहरू र इसाई अगुवाहरूको निम्त सामान्य कुरा भनेको छ (१ कोरिन्थी ९:५; १ तिमोथी ३:२)। तर अविवाहित रहनेहरूलाई प्रभु येशूले (मत्ती १९:१०-१२) र प्रेरित पावलले (१ कोरिन्थी ७:३२-३५) विशेष शब्दहरू भन्नुभएको छ। परमेश्वरले केही व्यक्तिहरूलाई उहाँको विशेष काम गराउनको लागि तिनीहरूका जीवनको केही निश्चित समय अवधिसम्म अथवा सम्पूर्ण जीवनभरि नै अविवाहित रहन बोलावट दिनुहुन्छ। परमेश्वरले तिनीहरूलाई अविभाजित हृदयको भक्तिसाथ उहाँको सेवा गर्न बोलाउनुहुन्छ! त्यसरी अविवाहित रहने व्यक्तिहरूलाई परमेश्वरले विशेष प्रतिज्ञा दिनुहुन्छ- तिनीहरूले विवाहित मानिसहरूले प्राप्त गर्ने शारीरिक सन्तानभन्दा धेरै आत्मिक सन्तान प्राप्त गर्नेछन्। उहाँले तिनीहरूलाई परमेश्वरको राज्यको काममा निकै फलवन्त बनाउन सक्नुहुन्छ भनी प्रतिज्ञा गर्नुहुन्छ (यशैया ५४:१-५)!

विवाह नगरी ब्रह्मचारी बन्नु भनेको विशेष किसिमको वरदान हो (१ कोरिन्थी ७:७,३२-३५; मत्ती १९:१०-१२) तर यसलाई संस्थागत बनाउनु भने हुँदैन (अर्थात् मण्डलीका अरू मानिसहरूलाई ब्रह्मचारी बन्न जबरजस्ती गर्नु हुँदैन)!

(७) वैवाहिक सम्बन्धलाई सार्वजनिकरूपमा स्थापित गर्नुपर्छ (मत्ती २२:९-११ सँग तुलना गर्नुहोस्)
परमेश्वरले विवाहको निम्ति तीन वटा अति आवश्यक तत्वहरू स्थापित गर्नुभयो (उत्पत्ति २:२४)।

पहिलो, पति र पत्नीले आफ्ना आमा-बुबालाई छोड्छन्। अब उप्रान्त तिनीहरू भावनात्मकरूपमा आफ्ना आमा-बुबासँग टाँसिरहँदैनन् बरु एक-आपसमा टाँसिरहन्छन्। तिनीहरू अब उप्रान्त आर्थिकरूपमा आमा-बुबासँग भर पर्दैनन् तर आफ्ना आवश्यक्ताहरू जुटाउनको निम्ति रुपैयाँ-पैसा कमाउने जिम्मेवारी लिन्छन्। तिनीहरू आमा-बुबाको अधिकारको मुनि रहँदैनन् तर परमेश्वरले संस्थागत गर्नुभएअनुसार विवाहमा एक-अर्काप्रति समर्पित हुन्छन्। यदि सम्भव छ भने तिनीहरू आमा-बुबासँगै बस्नु हुँदैन तर अलग्गै बसेर आफ्नो परिवार निर्माण गर्दैजानुपर्छ।

दोस्रो, पति र पत्नी एक-अर्कासँग टाँसिरहन्छन्। तिनीहरूले आफ्नो जीवनभरि नै एक-अर्काप्रति विश्वासयोग्य रहिरहने प्रतिज्ञा गर्दछन्।

तेस्रो, तिनीहरू देहमा अथवा शरीरमा एउटै हुन्छन्। तिनीहरूको आत्मिक, भावनात्मक र सामाजिक एकताको पराकाष्ठा भनेको शारीरिक एकता हो।

विवाह गर्न लागेको जोडीले विवाह गर्ने योजनालाई घोषणा गरेर आफ्ना आमा-बुबाबाट अलग हुनको निम्ति तयारी गर्छ। त्यसपछि तिनीहरूले हुन लागेको विवाह र उक्त विवाहको समारोहको तयारी गर्न सुरु गर्छन्। विवाहको समारोहमा तिनीहरूले निश्चितरूपमा आफ्ना आमा-बुबालाई छोड्छन्। विवाह समारोहको दिनमा दुलाहा र दुलहीको परिवारहरू, इसाई दाजुभाइ-दिदीबहिनीहरू तथा अन्य मित्रहरू साक्षीको रूपमा उपस्थित हुन्छन् र उनीहरूको सामु पवित्र आत्माको उपस्थितिमा उक्त जोडीले जस्तोसुकै परिस्थितिमा सम्पूर्ण जीवनभरि एकले अर्कोलाई प्रेम गरिरहनेछु, विश्वासयोग्य भइरहनेछु र सहायता गरिरहनेछु भनी सार्वजनिकरूपमा प्रतिज्ञा गर्दछन्।

बाइबलमा विवाहलाई कहिले पनि व्यक्तिगत अथवा गोप्य राखिने प्रेम सम्बन्धको मामला भनिएको छैन। विवाहमा सधैँ दुलाहा र दुलही पक्षका परिवारहरूले भाग लिने गर्छन्। प्राचीन समयमा विवाह गर्नको निम्ति गरिने प्रतिज्ञा विवाह गर्ने व्यक्तिको रोजाइमा हुने गर्थ्यो (उत्पत्ति २१:२१), कहिलेकाहिँ दुलहीको परिवारलाई क्षतिपूर्तिस्वरूप केही उपहार दिने गरिन्थ्यो (उत्पत्ति २९:१८; ३४:११-१२) र दुलाहा-दुलहीलाई उपहारहरू पनि दिने गरिन्थ्यो (उत्पत्ति २४:५९,६१; १ राजा ९:१६)। तैपनि यस किसिमका उपहारहरू बाइबलीय आवश्यक्ताहरू भने होइनन्।

विवाह समारोह सार्वजनिक कार्यक्रम हुनेगर्थ्यो। त्यस कार्यक्रममा यस्ता कुराहरू हुन्थे: दुलाह र दुलहीले विवाहको विशेष पोशाक पहिरिन्थे (भजन ४५:१३-१४); तिनीहरूलाई लोकन्तीहरूले सहायता गर्थे (भजन ४५:१४; यूहन्ना ३:२९); दुलही लिन जन्ती जान्थे र फर्केर आउँदा तिनीहरू दुलाहाको घरमा जान्थे (मत्ती २५:१-१३); अनि विवाहको भोज हुनेगर्थ्यो र कहिलेकाहिँ त्यो भोज पूरा हप्तासम्मै हुनेगर्थ्यो (मत्ती २२:१-१४; यूहन्ना २:१-१०; न्यायकर्ता १४:१७)। विवाह समारोहको सबैभन्दा गम्भीर अनि भव्य भाग भनेको उक्त विवाहको करारको मुख्य साक्षी स्वयम् परमेश्वर हुनुहुन्थ्यो (मलाकी २:१४; हितोपदेश २:१७; इजकिएल १६:८)! विवाह समारोहपछि मात्र उक्त विवाह पक्का ठहरिन्थ्यो (उत्पत्ति २९:२१-२३; व्यवस्था २२:१३-२१)।

(८) इसाई विवाहलाई ख्रीष्ट र मण्डलीको सम्बन्धले निर्धारण गरिन्छ (एफिसी ५:२२-२३)

जसरी ख्रीष्ट इसाई मण्डलीको शिर हुनुहुन्छ, त्यसरी नै पति उसकी पत्नीको शिर हुनुपर्छ भन्ने बाइबलको आज्ञा छ र साथै ख्रीष्टले मण्डलीलाई प्रेम गरेझैँ गरी पतिले आफ्नी पत्नीलाई प्रेम गर्नुपर्छ। मण्डली ख्रीष्टप्रति समर्पित भएझैँ गरी पत्नी आफ्नो पतिप्रति समर्पित हुनुपर्छ भन्ने पनि बाइबलको आज्ञा छ र साथै तिनले आफ्नो पतिलाई आदर गर्नुपर्छ। तसर्थ, इसाई विवाह भनेको ख्रीष्ट र इसाई मण्डलीबीचको सम्बन्धको दृश्य प्रकटीकरण हो (एफिसी ५:२२-२३)।

यसरी इसाई विवाह संसारको लागि येशू ख्रीष्टको घोषणा हुँदछ। असल इसाई विवाह अवलोकन गरेपछि संसारको मानिसहरूले ख्रीष्ट र ख्रीष्टियनहरूको बारेमा अझ धेरै कुराहरू सिक्न सक्छन्। तिनीहरूले आफूलाई परमेश्वरले प्रेम गर्नुहुन्छ भन्ने कुरा सुन्ने मात्र होइन त्यसलाई इसाई वैवाहिक सम्बन्धमा नमुनाको रूपमा देख्छन्। तिनीहरूले जीवित परमेश्वरसँगको सम्बन्धमा बढ्दैजाँदा आनन्द हुन्छ भन्ने कुरा सुन्ने मात्र होइन, त्यस्तो आनन्दलाई इसाई विवाहको सम्बन्धमा उदाहरणको रूपमा देख्छन्। इसाई वैवाहिक सम्बन्ध येशू ख्रीष्टसँगको सम्बन्धको वास्तविक र आकर्षक शक्तिशाली गवाही हो! तसर्थ हरेक इसाई विवाह सुसमाचार प्रचारको काममा उदाहरण हुनसक्छ, जहाँ आएर मानिसहरूले इसाई पारिवारिक काम-कुराहरू कसरी हुँदोरहेछ भनी खुल्लारूपमा हेर्न सक्छन्।

एफिसी ५:२२-२५

प्रश्न २ : इसाई पति र पत्नीलाई परमेश्वरले दिनुभएको जिम्मेवारीहरू के-के हुन्?

टिप्पणी - हरेक लोग्नेमानिस र स्वास्नीमानिस परमेश्वरको सृष्टि हुन्। परमेश्वरले स्वास्नीमानिसलाई सृष्टि गर्नुभएपछि विवाह सम्बन्धलाई संस्थागत गर्नुभयो (उत्पत्ति २:१८-२४)। त्यसकारण, हरेक पति-पत्नीको एक-अर्काप्रति के-कस्तो जिम्मेवारी हुनुपर्छ भनी निर्धारण गर्ने हक परमेश्वरसँग छ। आफूले गर्नुभएको सृष्टिले कसरी उत्तम ढङ्गमा काम गर्न सक्छ भनी उहाँ जान्नुहुन्छ। परमेश्वरले दिनुभएको जिम्मेवारीहरूप्रति पति र पत्नी दुबै जना आज्ञाकारी भएपछि मात्र तिनीहरूको वेवाहिक सम्बन्ध सुन्दर हुनसक्छ।

पति र पत्नीलाई परमेश्वरले दिनुहुने अधिकार र जिम्मेवारी भनेको एक-अर्काको सेवा गर्नु हो। तर परमेश्वरले पति र पत्नीलाई फरक किसिमले सृष्टि गर्नुभएको छ र तिनीहरूले एक-अर्कालाई सेवा गर्ने परमेश्वरले दिनुभएको अधिकार र जिम्मेवारीलाई फरक किसिमले प्रकट गर्नको निम्ति माग गरिएको छ। पतिले उक्त सम्बन्धमा विशेष गरी चासो र पहल गरेर

आफ्नो सेवालाई प्रकट गरोस् भनी परमेश्वर चाहनुहुन्छ। त्यसैगरी पत्नीले आफ्नो पतिलाई विशेष गरी न्यानो र बलियो सम्बन्धको निम्ति निमन्त्रणा दिएर तिनको सेवालाई प्रकट गरोस् भनी उहाँ अपेक्षा गर्नुहुन्छ।

इसाई पतिलाई आफ्नी पत्नीप्रति परमेश्वरले दिनुभएको जिम्मेवारीहरू भनेको तिनलाई प्रेम गर्नु र अगुवाइ गर्नु हो।
इसाई पतिले आफ्नी पत्नीलाई प्रेम गरेर तिनको सेवा गर्नैपर्छ। जसरी येशू ख्रीष्टले आफ्ना जनहरू अर्थात् मण्डलीलाई प्रेम गर्नुहुन्छ, त्यसरी नै पतिले आफ्नी पत्नीलाई प्रेम गर्नुपर्छ। पत्नीलाई प्रेम गर्नु भनेको तिनीप्रति विनास्वार्थ अभिरुचि देखाउनु, पूरा हृदयले तिनलाई स्वीकार गर्नु र तिनलाई उत्तम बनाउनको निम्ति सहायता गर्नु हो। प्रेम भनेको स्वार्थरहित र आफूप्रति मात्र केन्द्रित नहुने महान् विचार हो। प्रेम भनेको आफू बलिदान भएर गरिने सेवा हो। प्रेम भनेको वास्ता र आदरसहित पत्नीप्रति व्यवहार गर्नु हो। प्रेम भनेको तिनको असल अथवा खराब अनि स्वस्थ अथवा बिरामी अवस्थामा विश्वासयोग्य भई सधैँ सँगै बस्नु हो।

प्रेमलाई १ कोरिन्थी १३:४-८ मा सुन्दर ढङ्गमा व्याख्या गरिएको छ। प्रेम सहनशील हुन्छ भनेको प्रेमले प्रतिक्षा गर्न सक्छ भनेको हो। यस्तो प्रेमले पत्नीलाई दया देखाउन वाध्य पार्दैन तर तिनलाई दया देखाउनको निम्ति प्रतिक्षा गर्न सक्छ। यस किसिमको प्रेमले सहायता गर्छ र तिनीप्रति भलाइ गर्ने मौका खेर जान दिँदैन। प्रेमले डाह गर्दैन भनेको तिनी योग्य भएको ठाउँमा उदारतासाथ तिनको कदर गर्नु, श्रेय दिनु र आदर गर्नु हो। प्रेमले शेखी गर्दैन भनेको तिनको गुणहरू र उपलब्धीहरूप्रति सरल अनि नम्र हुनु र तिनलाई अनावश्यकरूपमा प्रभाव नपार्नु हो। प्रेमले घमण्ड गर्दैन भनेको पत्नीसँगको सम्बन्धमा तिनको बलियो पक्षहरू र कमजोर पक्षहरूको बारेमा नम्रता देखाउनु हो। प्रेम हठी र ढीट हुँदैन भनेको तिनीप्रति राम्रो व्यवहार देखाउनु हो। प्रेमले जिद्दी गर्दैन भनेको स्वार्थरहित भएर आफ्नो अभिरुचिहरूभन्दा तिनको अभिरुचिहरूलाई पूरा गर्न खोज्नु हो। प्रेमले झर्को मान्दैन भनेको कहिलेकाहिँ तिनको कारणले आफूलाई घाउ र चोटहरू लाग्दा, त्यसलाई विनम्रतापूर्वक स्वीकार गर्नु हो।

इसाई पतिले आफ्नी पत्नीलाई अगुवाइ गरेर सेवा गर्नैपर्छ। ख्रीष्टले मण्डलीलाई अगुवाइ गर्नुभएझैँ गरी पतिले आफ्नी पत्नीलाई अगुवाइ गर्नुपर्छ। गोठालोले आफ्ना भेडालाई डोऱ्याएझैँ गरी पतिले आफ्नी पत्नीलाई डोऱ्याउनुपर्छ; जस्तै: तिनीको वास्ता गरेर, सुरक्षा गरेर र कठिन अनि अप्ठ्यारो परिस्थितिहरूमा तिनलाई सँगै लिएर। भण्डारेले ठूलो घरमको व्यवस्था गरेझैँ गरी पतिले आफ्नी पत्नीलाई अगुवावाइ गर्नुपर्छ; जस्तै: पतिले पत्नीको माल-सामान र सम्पत्तिको राम्रो हेरचाह गर्नुपर्छ, तिनको गतिविधिहरू र रुचिहरूको वास्ता गर्नुपर्छ र तिनलाई परमेश्वरको मार्गमा डोऱ्याउनुपर्छ। सेवकझैँ भएर पतिले आफ्नी पत्नीलाई अगुवाइ गर्नुपर्छ; जस्तै: तिनलाई के-कस्ता क्षेत्रहरूमा बढी पतिको खाँचो पर्छ, विशेषगरी त्यसमा साथ दिएर सेवा गर्नुपर्छ।

इसाई पत्नीलाई आफ्नो पतिप्रति परमेश्वरले दिनुभएको जिम्मेवारीहरू भनेको तिनलाई प्रेम गर्नु र सहायता गर्नु हो।
इसाई पत्नीले आफ्नो पतिलाई प्रेम गरेर तिनको सेवा गर्नैपर्छ। बाइबलले सिकाउँछ, कि इसाई पत्नी आफ्नो पति र छोराछोरीहरूप्रति समर्पित हुनुपर्छ, आत्म-संयमी र शुद्ध हुनुपर्छ, घर-परिवारमा व्यस्त हुनुपर्छ, दयालु हुनुपर्छ र आफ्नो पतिको अधिनमा बस्नुपर्छ ताकि कसैले परमेश्वरको वचनको निन्दा गर्न नपाओस् (तीतस २:४-५)। प्रेम भनेको असल अथवा खराब अवस्थाहरू अनि स्वस्थ अथवा बिरामी अवस्थामा विश्वासयोग्य भएर पति-पत्नी सँगै बस्नु हो।

इसाई पत्नीले आफ्नो पतिलाई सहायता गरेर तिनको सेवा गर्नैपर्छ। बाइबलले सिकाउँछ, कि इसाई पत्नी आफ्नो पतिप्रति समर्पित हुनुपर्छ (एफिसी ५:२२-२४; १ पत्रुस ३:१-६) र तिनले आफ्नो पतिलाई आदर गर्नुपर्छ (एफिसी ५:२३)। आफ्नो पतिको अगुवापनमा समर्पित भएर र त्यसलाई आदर गरेर तिनले पतिको सेवा गर्छिन्। 'समर्पित हुनु' भनेको दासजस्तो भएर समर्पित हुने भनेको होइन तर सहायकजस्तो भएर समर्पित हुने भनिएको हो (उत्पत्ति २:१८)। यसको अर्थ आफ्नो पतिको समूहमा असल सदस्य भएर आफ्नै स्वेच्छा अनि राजीखुसीले तिनलाई पछ्याउनु हो। उक्त समूहको सदस्यको हैसियतले तिनले सम्भव भएसम्म आफ्नो पतिलाई योगदान, सर-सल्लाह, विचारहरू, सहायता, समर्थनजस्ता कुराहरू दिने गर्छिन्। तिनले आफ्नो पतिसँग आफ्नो व्यक्तिगत जीवन, विवाह, परिवार र आफ्नो समाजको सबै महत्वपूर्ण विषयहरू छलफल गर्छिन्। तिनले आफ्नो पतिसँग बसेर असल निर्णयहरू र छनौटहरू गर्छिन् र आफूहरूले गरेको निर्णहरूको परिणामहरूबारे पनि छलफल गर्छिन्। यदि तिनीहरूको बीचमा कुनै कुरामा उचित सम्झौता हुन सकेन भने अन्तिम उपायको रूपमा तिनले पतिलाई अन्तिम निर्णय गर्न अनुमति दिनुपर्छ र त्यस निर्णयको परिणामहरूको जिम्मेवारी पनि पति नै हनेछ। परमेश्वरले जे कुरामा अधिनमा रहनु भन्नुभएको छ, त्यसमा मात्र तिनी समर्पति हुनुपर्छ र पतिले कुनै गलत कुरामा समर्पित हुन अनुरोध गरेमा तिनले शिष्ट ढङ्गमा उसको विरोध गर्न सक्छ (प्रेरित ५:२९)।

पत्नीले पतिलाई आदर-इज्जत गर्नु भनेको आफ्नो विचार शिष्ट तरिकाले बताउनु र परमेश्वरलाई आफ्नै तरिकाले काम गर्न अनुमति दिनु हो। यसको मतलब पतिको सल्लाहलाई होसियारीसाथ ध्यान दिनु हो। यसको मतलब आफ्नो योजनाहरूमा पतिलाई सहभागी गराउनु र आफूले गरेको प्रगति पतिलाई बताउनु हो। यसको मतलब पतिले अनुरोध गरोस् भनी प्रतिक्षा नगरी उसलाई आफ्नो स्वेच्छाले सेवा गर्न चासो देखाउनु हो। साथै यसको मतलब धिरजी भएर पतिको कुराहरू सुन्नु र तिनको समस्याहरू र विचारहरू बुझ्ने कोसिस गर्नु हो।

जब ख्रीष्टले आफ्नो मण्डलीलाई प्रेम र अगुवाइ गर्नुभएझैँ गरी पतिले आफ्नी पत्नीलाई प्रेम र अगुवाइ गर्छ, तब आफ्नो पतिलाई आदर गर्न अथवा परिवारमा उसको अगुवापनप्रति समर्पित हुन पत्नीलाई कुनै अप्ठ्यारो पर्नेछैन। बाल-बालिकाहरूले प्रेम, आदर, अगुवापन र समर्पणता भनेको के हो भनेर सिक्ने उत्तम ठाउँ भनेको हरेक दिन आफ्नै घरमा इसाई आमा-बुबाको सम्बन्ध र सञ्चारलाई अवलोकन गर्नु हो।

एफिसी ५:२६-२७

प्रश्न ३ : तिनलाई वचनद्वारा पानीले धोएर पवित्र बनाउनु भनेको के हो?

टिप्पणी - ख्रीष्टले बोलिएको वचनद्वारा पानीले धोएर सबैको लागि एकैपटक उहाँले मण्डलीलाई सफा पारेर मण्डलीलाई पवित्र बनाउनुभयो। यसले पानीको बप्तिस्मालाई सङ्केत गर्दछ, जुन परमेश्वरको पवित्र आत्माको अदृश्य बप्तिस्माको (पवित्र आत्माद्वारा नयाँ जन्मको) दृश्य चिन्ह र छाप हो (सुसमाचारको घोषणा, एफिसी ६:१७; १ पत्रस १:२२-२३ सँग तुलना गर्नुहोस्)।

ख्रीष्टले आफ्नो बोलिएको वचनहरूद्वारा इसाईहरूलाई निरन्तर सिद्ध बनाउनुहुन्छ, जुन जीवनभरि इसाईहरूको हृदय र जीवनमा लागु हुन्छ। उहाँको लक्ष्य भनेको सबै इसाईहरूलाई दाग नलागेको अनि चाउरी नपरेको उहाँको मण्डलीजस्तै गरी प्रस्तुत गर्नु हो। यस किसिमले ख्रीष्टले आफ्नो दोस्रो आगमनको निम्ति मण्डलीलाई थुमाको विवाहको लागि तयार पार्नुहुन्छ। तर मण्डलीले पनि आफैलाई थुमाको विवाहको निम्ति तयार पारिरहेकी छिन् (प्रकाश १९:७)। थुमाको विवाहमा उहाँको (ख्रीष्टको) दुलही (मण्डली) सदा-सर्वदा नयाँ पृथ्वीमा प्रेम र सिद्धतामा एकतामा आउनेछ।

एफिसी ५:३२

प्रश्न ४ : गम्भीर रहस्य के हो?

टिप्पणी - 'रहस्य'ले पति र पत्नीबीचको सम्बन्धलाई बुझाउँदैन (विवाह मण्डलीको पवित्र धार्मिक-विधि होइन)। यो रहस्यले ख्रीष्ट र मण्डलीको एकतामा विवाहसँग गरिएको तुलनालाई बुझाउँछ। ख्रीष्टको मुक्तिको काम अयोग्य मानिसहरूप्रति यसरी लागु भयो, कि त्यसद्वारा उहाँको मण्डली निर्माण भयो; र त्यसमा उहाँ पवित्र आत्माद्वारा घनिष्ठरूपमा वास गर्नुहुन्छ, र त्यसलाई पृथ्वीको कुनै दृष्टान्तले व्याख्या गर्न प्रयोग गर्न सकिँदैन। किनभने ख्रीष्ट र उहाँको मण्डलीको सम्बन्ध यति गहिरो र बलियो छ, कि इसाई विवाहले त्यसमा महिमित तरिकाले यसरी काम गर्न सक्छ ताकि यसले विवाहित जोडीको जीवनमा निकै आनन्द ल्याउन सक्छ। त्यसैगरी इसाई विवाहले अरू मानिसहरूमा पनि आशिष् ल्याउन सक्छ साथै त्यसले परमेश्वरको महिमा पनि हुन सक्छ।

चरण ४ - लागू गर्नु **प्रयोगहरू**

ध्यान दिनुहोस् - यो खण्डमा भएका कुन सत्यताहरूलाई इसाईहरूको जीवनमा प्रयोग गर्न सम्भावना छ?
सिकेको कुरा बाँड्नुहोस् र लेख्नुहोस् - एकले अर्को व्यक्तिलाई दिमाग खियाउन लगाऔँ र एफिसी ५:२२-२३ बाट सम्भावित प्रयोगहरूको सूची बनाउनुहोस्।
ध्यान दिनुहोस् - यहाँ भएका प्रयोगहरूमध्ये कुन प्रयोग परमेश्वरले तपाईंको लागि व्यक्तिगत प्रयोग बनाउन चाहनुहुन्छ?
लेख्नुहोस् - उक्त व्यक्तिगत प्रयोगलाई नोटबुकमा लेख्नुहोस्। आफ्नो व्यक्तिगत प्रयोगलाई स्वतन्त्रसाथ समूहमा बाँड्नुहोस्। (हरेक समूहका मानिसहरूले फरक-फरक सत्यताहरू पत्ता लगाउनेछन् अथवा तिनीहरूले उही सत्यताबाट फरक-फरक प्रयोगहरू बनाउन सक्छन् भन्ने कुरा याद गर्नुहोस्। केही सम्भावित प्रयोगहरूका सूची यहाँ राखिएको छ।)

१. एफिसी ५:२२-२३ बाट निकालिएका सम्भावित प्रयोगहरूका उदाहरणहरू

५:२२ **पति-पत्नी दुबैको लागि -** पत्नीहरू आ-आफ्ना पतिप्रति समर्पित हुनुपर्छ। तर केही यस्ता अवस्थाहरू पनि छन्, जहाँ पति पनि आफ्नी पत्नीप्रति समर्पित हुनुपर्छ (एफिसी ५:२१)। इसाई मण्डली कसरी येशू ख्रीष्टप्रति समर्पित हुन्छ भनी अध्ययन गर्नुहोस्। यस कुरालाई तपाईंको वैवाहिक जोडीसँगको सम्बन्धमा लागु गर्नुहोस्।

५:२३ **पतिहरूको लागि -** येशू ख्रीष्ट कसरी इसाई मण्डलीको शिर हुनुहुन्छ अनि उहाँले मण्डलीलाई कसरी अगुवाइ गर्नुहुन्छ भनी अध्ययन गर्नुहोस्। अनि यस कुरालाई तपाईंकी पत्नीसँगको सम्बन्धमा लागु गर्नुहोस्।

५:२५ **पतिहरूको लागि -** येशू ख्रीष्टले कसरी इसाई मण्डलीलाई प्रेम गर्नुहुन्छ र कसरी उहाँले आफैलाई मण्डलीको निम्ति दिनुहुन्छ भनी अध्ययन गर्नुहोस्। अनि यस कुरालाई तपाईंकी पत्नीसँगको सम्बन्धमा लागु गर्नुहोस्।

५:२६-२७ **पतिहरूको लागि -** येशू ख्रीष्टले कसरी इसाई मण्डलीलाई धुनुभएर आफ्नो वचनहरूद्वारा तेजस्वी (महिमित) पार्नुहुन्छ भनी अध्ययन गर्नुहोस्। अनि यस कुरालाई तपाईंकी पत्नीसँगको सम्बन्धमा लागु गर्नुहोस्।

५:२९ **पतिहरूको लागि -** येशू ख्रीष्टले कसरी इसाई मण्डलीलाई खुवाउनु र वास्ता गर्नुहुन्छ भनी अध्ययन गर्नुहोस्। अनि यस कुरालाई तपाईंकी पत्नीसँगको सम्बन्धमा लागु गर्नुहोस्।

५:३१ **दुबैको लागि -** आफैलाई जाँच गर्नुहोस् र कुनै तरिकाले तपाईं अझै आफ्ना आमा-बुबामा भर परिरहनुभएको छ कि भनी हेर्नुहोस्। आफ्ना आमा-बुबालाई छोड्न एकले अर्कोलाई सहायता गर्नुहोस् र तपाईंहरूचाहिँ एक-आपसमा टाँसिरहनुहोस्।

५:३३ **पत्नीहरूको लागि -** बाइबलमा इसाई मण्डलीले कसरी येशू ख्रीष्टलाई आदर गर्छ भनी अध्ययन गर्नुहोस्। अनि यस कुरालाई तपाईंको पतिसँगको सम्बन्धमा लागु गर्नुहोस्।

२. एफिसी ५:२२-२३ बाट निकालिएका केही व्यक्तिगत प्रयोगहरू

पतिहरूका लागि - येशू ख्रीष्टजस्तै अगुवा हुनको निम्ति म नयाँ प्रतिवद्धता गर्छु। मेरो पत्नीलाई खाँचो परेको ठाउँमा र समयमा म तिनको सेवा गर्न चाहन्छु। म तिनको शारीरिक र आत्मिक स्वस्थको लागि वास्ता गर्न चाहन्छु। तिनले कठिन परिस्थितिहरूको सामना गर्नुपर्दा म तिनलाई उठाएर तिनलाई सुरक्षा दिन चाहन्छु। म सबै स्वार्थपन त्यागेर निस्वार्थपनमा पूर्णरूपले तिनको सेवा गर्न चाहन्छु।

पत्नीहरूको लागि - मैले समर्पित हुनु भनेको के भनी नयाँ समझ प्राप्त गरेको छु। समर्पण भनेको पत्नीले आफ्नो पतिलाई सर-सल्लाह, योजनाहरू, व्यवहारिक सेवाद्वारा सहायता गर्नु हो तर पतिको अगुवापन र पारिवारिक जिम्मेवारीलाई वाधा दिनु होइन। पतिहरूले यो कुरा सम्झनुपर्छ, कि जब उनीहरूले आफ्नी पत्नीलाई विनास्वार्थ पूर्णरूपमा प्रेम गर्छन्, तब पत्नीहरूले उनीहरूलाई पूर्ण निस्वार्थतामा सहायता गर्न सक्छन्!

चरण : ५ - प्रार्थना **प्रतिक्रिया**

एफिसी ५:२२-२३ मा परमेश्वरले सिकाउनुभएको एउटा सत्यताको लागि हामी सबै पालैपालो प्रार्थना गरौँ।
(यो बाइबल अध्ययनमा तपाईंले के सिक्नुभएको छ भनी तपाईंको प्रार्थनामा परमेश्वरलाई प्रतिक्रिया दिनुहोस्। प्रार्थना एक वा दुई वाक्यहरूमा मात्र गर्ने अभ्यास गर्नुहोस्। हरेक समूहका मानिसहरूले फरक-फरक विषयहरूका बारेमा प्रार्थना गर्नेछन् भन्ने कुरा याद गर्नुहोस्।

५	**प्रार्थना** (८ मिनेट)	**अन्तरबिन्ती प्रार्थना** **अरूहरूको लागि प्रार्थना गर्नुहोस्**

दुई-तीन जनाको समूहमा बसेर प्रार्थना गर्नुहोस्। एकले अर्काको निम्ति र संसारका मानिसहरूका निम्ति प्रार्थना गर्नुहोस्।

६	**गृहकार्यको तयारी** (२ मिनेट) **अर्को पाठको निम्ति**

(**समूहको अगुवा -** समूहका सदस्यहरूलाई यो गृहकार्यको तयारी लेखेको कागज दिनुहोस् अथवा उनीहरूलाई यो लेख्न लगाउनुहोस्।)

१. प्रतिवद्धता - समूहको सदस्यहरूलाई एउटा सम्भावित कुरा जीवनमा लागू गर्न प्रतिवद्ध गराउनुहोस्। अर्को व्यक्तिसँग अथवा मानिसहरूको समूहमा एफिसी ५:२२-२३ बाट प्रचार गर्नुहोस्, सिकाउनुहोस् अथवा बाइबल अध्ययन गर्नुहोस्।
२. परमेश्वरसँग व्यक्तिगत समय - प्रेरित १५:१-१८:१७ बाट प्रत्येक दिन आधा अध्याय पढेर परमेश्वरसँग व्यक्तिगत समय बिताउनुहोस्। मन पर्ने सत्यता पत्ता लगाउने विधि प्रयोग गर्नुहोस्। टिप्पणी बनाउनुहोस्।
३. पद कण्ठ गर्नुहोस् - सङ्गति १ यूहन्ना १:७ (पहिले कण्ठ गर्नुभएको पाँच वटा बाइबल पदहरू दैनिक पुनरवलोकन गर्नुहोस्।)
४. प्रार्थना - कुनै व्यक्ति वा कुनै विशेष कुराको निम्ति यो हप्ता प्रार्थना गर्नुहोस् र परमेश्वरले के गर्नुहुन्छ भनी हेर्नुहोस् (भजनसङ्ग्रह ५:३)।
५. चेलाहरू बनाउने तपाईंको नोटबुक अद्यावधिक बनाउनुहोस्- तपाईंको नोटबुकमा परमेश्वरसँग व्यक्तिगत समय बिताउँदा पाएका कुराहरू, बाइबल पद कण्ठ गरेको कुराहरू, बाइबल अध्ययन गर्दको कुराहरू र यो तयारीको कुराहरू लेख्नुहोस्।